दार्मा गाउँपालिका,  गाउँसभाको १९ औँ अधिवेशनमा अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूद्वरा प्रस्तुत

## आर्थिक बर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

दार्मा गाउँपालिका, सल्यान
कर्णाली प्रदेश, नेपाल

**गाउँसभाका सदस्यज्यूहरु,**

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत स्थानीय तहलाई स्थानीय विकास, सेवा प्रवाह तथा जनताको जीवनस्तर सुधार गर्ने महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। यसै अनुरूप दार्मा गाउँपालिकाले विगतका वर्षहरूमा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, खानेपानी, सामाजिक विकास, युवा तथा खेलकुद, महिला तथा बालबालिका सशक्तीकरण लगायतका क्षेत्रमा विभिन्न उपलब्धिहरू हासिल गर्दै आएको छ। वर्तमान आर्थिक, सामाजिक तथा वातावरणीय चुनौतीहरूलाई सम्बोधन गर्दै गाउँपालिकाको समग्र विकासलाई दिगो, समावेशी, वातावरणमैत्री र परिणाममुखी बनाउने उद्देश्यका साथ आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। यस नीति तथा कार्यक्रममा संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, आवधिक योजना तथा गाउँपालिकाको आवश्यकता र जनचाहनालाई आधार बनाइएको छ। स्रोत र साधनको अधिकतम उपयोग गर्दै सुशासन, पारदर्शिता, उत्तरदायित्व तथा जनसहभागितालाई केन्द्रमा राखी स्थानीय नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने लक्ष्यसहित यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

दार्मा गाउँपालिकाको गाउँसभाको सभाध्यक्षको रुपमा दार्मा गाउँसभाको बैठकलाई सम्बोधन गरिरहँदा मलाई खुसी लागेको छ।

सर्वप्रथम, महान जनयुद्द तथा जेन्जी आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने दार्मा गाउँपालिकाका २४ जना महान् सहिदहरु सहित सम्पूर्ण प्रात: स्मरणीय सहिदहरुप्रति श्रद्दा सुमन अर्पण गर्दछु। यस क्रममा जनयुद्द, जेन्जी आन्दोलन तथा अन्य जनआन्दोलन तथा संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै, बेपत्ता परिवार, घाइते, अपाङ्ग तथा जनयुद्द लगायतको आन्दोलनमा अमूल्य योगदान गर्ने सम्पूर्णमा सम्मान व्यक्त गर्दै आन्दोलनमा सहभागी जनसमुदाय, नागरिक समाज, राजनीतिक दलका नेता तथा कार्यकर्ता एवम सबै क्षेत्र र वर्ग समुदायको योगदानको उच्च कदर गर्दछु।

।

सभाका सदस्यहरु ।

"उत्पादनमा बृद्धि: दार्माको समृद्धि" भन्ने दार्मा गाउँपालिकाको मुल नारालाई व्यवहारमा कार्यान्वयन गरी स्थानीय रोजगारी सिर्जना र गरिबी निवारण गर्दै सुशासन र विकास गर्न दार्मा गाउँपालिकाको मार्गचित्रको रुपमा प्रस्तुत नीति तथा कार्यक्रममा निम्न विषयलाई जोड दिइएको छ ।

१. संघ, प्रदेश र अन्य साझेदार निकायसँग साझेदारी मार्फत पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिने,
२. शिक्षालाई सिप, सिपलाई श्रम, श्रमलाई रोजगारी र रोजगारीलाई गरिवी निवारणमा अन्तरआवद्दता गर्ने,
३. कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रीकरण र विविधीकरण गर्दै गाउँपालिकालाई खाद्य उत्पादनमा आत्मनिर्भर गराउने ।
४. प्रभावकारी सेवा प्रवाह गर्दै नागरिकमा सुशासनको अनुभूति दिलाउने । बेरुजु लाई कम गर्दै क्रमश: बेरुजु शुन्य पालिका बनाउने ।
५. पूर्ण सरसफाई युक्त पालिका, पोषणमैत्री पालिका, बालमैत्री स्थानीय शासन घोषणा गर्ने ।
६. चालु र प्रशासनिक खर्चमा मितव्ययीता कायम गर्दै पुँजिगत खर्चमा वृद्धि गर्ने ।

**गाउँसभाका सदस्यहरु,**

यस गरिमामय १९ औँ अधिवेशन समक्ष गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुअघि गाउँपालिकाले हालसम्म प्राप्त गरेका उपलव्धिहरुको छोटकरीमा स्मरण गर्न चाहन्छु ।

क) दार्मा गाउँपालिकाका विभिन्न १०० बढि कानून निर्माण भई कार्यान्वयन भएका छन् । आवश्यकता अनुसार कानून संशोधनको काम निरन्तर भैरहेको छ ।
ख) दुधमा अनुदान, खसिबोकामा अनुदान, मल विउमा अनुदान जस्ता कार्यक्रमले किसानहरुलाई प्रत्यक्ष फाईदा पुग्नेगरि कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

ग) विद्यालय ट्रस भवन ७ वटा, आर. सी. सी. भवन ४३ वटा, क्याम्पस भवन ४ वटा, विद्यालय भवन मर्मत १०० वटा, १७ वटा वास सुविधा सहितका शौचालय, प्रशासकीय भवन २ वटा, वडा कार्यालय भवन ३ वटा, आवासीय भवन ७ वटा, सामुदायिक भवन १२ वटा, खरको छानामुक्त भवन १३३ वटा, प्रसुतिगृह २ वटा, १५ शैय्याको अस्पताल १ वटा, स्वास्थ्य इकाई भवन ५ वटा, स्वास्थ्य चौकी भवन मर्मत ५ वटा, र गाउँघर क्लिनिक भवन २ वटा निर्माण भएका छन्।

घ) हालसम्म १३० कि. मि. कच्चि सडक निर्माण, १६५ कि. मी. सडक स्तरउन्नती, २० कि. मि. ग्राभेल सडक, ५५० मिटर पक्की आरसीसी सडक, १२०० कि. मि. सडक मर्मत, ८ वटा स्ल्याप पुल निर्माण सम्पन्न भईसकेको छ।

ङ) २५ वटा लिप्ट खानेपानी निर्माण, ७ वटा लिप्ट खानेपानी मर्मत, ८६० वटा ग्राभिटी खानेपानी निर्माण, तथा ८५ वटा ग्राभिटी खानेपानी मर्मत भएका छन्।

च) २४ वटा फोहोरा सिचाई, ३० वटा पाईप सिचाई, ४ वटा कच्ची, १६० वटा पक्की सिचाई कुलो निर्माण भएका छन्।

छ) ६५ किलोमिटर एच. टि लाइन विस्तार, ११५ किलोमिटर एल. टि लाईन विस्तार, तथा ७ वटा बैकल्पिक उर्जा कार्यक्रम जडान भएका छन्।

ज) २७ वटा पार्क तथा अन्य पर्यटन पूर्वाधार निर्माण, ५ वटा खेलकुद मैदान निर्माण भएका छन्।

झ) विस्तृत अध्ययन प्रतिवेदन तर्फ सडकको १२ वटा, भवनको १४ वटा, सिचाईको २ वटा, पर्यटन र खेलग्रामको १/१ वटा खानेपानीको ५२ र खोलाको IEE ३ वटा गरी जम्मा ८५ डि. पि. आर. तयार भएको छ।

ञ) पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउने अभियान अन्तरगत टोल विकास संस्थाहरुलाई पूर्ण सरसफाई उन्मुख टोल घोषणा गर्ने कार्यक्रम अगाडि बढिरहेको छ। पोषणमैत्री पालिका निर्माणको लागि विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

ट) उपाध्यक्ष सँग उद्यमी कार्यक्रम, नयाँ उद्यमी सृजना तथा पुराना उद्यमीहरुलाई स्तरउन्नती लगायत विभिन्न सीप विकास कार्यक्रमहरु सञ्चालन हुँदै आइरहेका छन्।

ठ) २५४ जनालाई अपांग परिचयपत्र वितरण, अपाङ्गलाई सहायता सामाग्री तथा राहत वितरणका कार्यक्रमहरु भएका छन्।

ड) दार्मा गाउँपालिका अन्तर्गत ६ वटा वडामा ८ वटा स्वास्थ्य संस्था मध्ये ५ वटा स्वास्थ्य संस्थाहरुबाट २४ सै घण्टा प्रसूति सेवा संचालनमा रहेको छ।

ढ) दार्मा आधारभुत अस्पताल थुम्केसल्लीमा MBBS डाक्टर  मार्फत २४ सै घण्टा विशेषज्ञ सेवा सुचारु भएको छ । साथै आधारभुत अस्पताल सञ्चालनको लागि औजार उपकरण तथा औषधि खरिदको काम अन्तिम चरणमा छ ।

ण) पालिका स्तरको १५ शैय्या आधारभूत अस्पताल निर्माणको ६० प्रतिशत पुरा भएको छ । दार्मा ५ कागुनोहाल्ने र  दार्माकोटमा गुणस्तरीय वर्थिङ सेन्टर भवन  निर्माण भएका छन् ।

त) दार्मा गाउँपालिकाका सबै संस्थामा नेबुलाईजर मेसिन, स्वास्थ्य संस्थामा आपतकालिन अवस्थामा चाहिने अक्सिजन कन्सन्ट्रेटर मेसिनको समेत व्यवस्था भएको छ । गर्भवती महिलाहरुलाई प्रत्येक महिनामा एक पटक  निःशुल्क भिडियो एक्सरे सेवा दिने व्यवस्था गरिएको छ ।

थ) मानसिक स्वास्थ्य खोजपडताल शिविर, आँखा, कान, मधुमेह, उच्च रक्तचाप र मृगौला सम्बन्धी शिविरहरु लगायत विभिन्न निशुल्क: शिविरहरु सञ्चालन भएका छन् ।

द) स्वास्थ्य तर्फको बार्षिक प्रोफाईल तयारी, नसर्ने रोग अभियान सञ्चालन,  महिला स्वास्थ्य स्वंमसेविका लागि अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको छ ।

ध) स्थानीय पाठ्यक्रम "हाम्रो दार्मा" निर्माण र कार्यान्वयण, कार्यतालिका सहितको शैक्षिक क्यालेन्डर निर्माण, It स्रोत शिक्षकका लागि क्षमता विकास तालिम, एकिकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम जस्ता विभिन्न क्षमता विकास कार्यक्रम सञ्चालन भएका छन् ।

न) यसबर्षको SEE नतिजामा सल्यान जिल्ला भरी नै पहिलो ९५.५४**%**  विद्यार्थी ग्रेडेड अर्थात उतिर्ण भएका छन् । साथै आधारभुत तह उतीर्ण परीक्षा (कक्षा ८) को नतिजामा ९६.८२**%** विद्यार्थी उतिर्ण भएका छन्।

ऩ) शहिदस्मृति कप तथा राष्ट्रपति रनिङशिल्ड सञ्चालन भएका छन् ।

प) विद्यालयहरुमा न्यायीक अन्तरक्रिया कार्यक्रम, टोल विकास संस्थाका पदाधिकारीको लागी अभिमुखीकरण कार्यक्रम लगायत विभिन्न क्षमता विकास तालिम तथा कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् ।

फ) दार्मा गाउँपालिका स्थानीय संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा ७९ अंकसहित जिल्लामै प्रथम, कार्यसम्पादन मूल्यांकन मा ७६.४० अंकसहित सल्यान जिल्लामै प्रथम तथा बेरुजु कम हुने पालिकाहरुमा ०.२५% अंकसहित कर्णाली प्रदेशमै प्रथम भएको छ ।

**गाउँभाका सदस्यज्यूहरु**

अव म आगामी आर्थिक वर्ष २०८३/०८४ को विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक विकास

### कृषि तथा पशुपंक्षी विकास

१. **"उत्पादनमा वृद्धि, दार्माको समृद्धि"** भन्ने मूल नारालाई आत्मसात् गर्दै कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण तथा यान्त्रीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि क्षेत्रलाई स्थानीय आर्थिक समृद्धिको प्रमुख आधारको रूपमा विकास गरिनेछ।

२. उन्नत तथा हाईब्रिड बीउबिजनको प्रयोग विस्तार गर्दै खाद्यान्न, तरकारी, फलफूल, तेलहन, मसला तथा नगदे बालीको उत्पादन वृद्धि गर्न पकेट क्षेत्र विकास तथा व्यावसायिक खेती प्रवर्द्धन गरिनेछ।

३. खाद्य तथा पोषण सुरक्षा सुदृढ गर्न "एक घर एक करेसाबारी", स्थानीय बीउ उत्पादन, बीउ बैंक स्थापना तथा रैथाने बाली संरक्षण एवं प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४. बाँझो तथा उपयोगविहीन कृषि योग्य जमिनको उपयोग बढाइने, माटो परीक्षण सेवा विस्तार गरिने तथा प्राङ्गारिक एवम् जैविक कृषि उत्पादन प्रणालीलाई प्रोत्साहन गरिनेछ।

५. कृषि उद्यमशीलता विकासमार्फत युवा, महिला तथा लक्षित वर्गलाई कृषि पेशामा आकर्षित गरी स्वरोजगार तथा आयआर्जनका अवसर सिर्जना गरिनेछ।

६. उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन गरी व्यावसायिक रूपमा कृषि उत्पादन गर्ने कृषक, कृषक समूह, सहकारी तथा कृषि उद्यमलाई उत्पादनको परिमाण, गुणस्तर र बजारीकरणका आधारमा प्रोत्साहन गरिनेछ।

७. किसान सूचिकरण, किसान परिचयपत्र वितरण तथा कृषि फर्म, समूह, सहकारी र कृषि उद्यमहरूको दर्ता तथा नवीकरणलाई व्यवस्थित गरिनेछ।

८. स्थानीय उत्पादनको ब्रान्डिङ, प्रशोधन, मूल्य अभिवृद्धि तथा बजारीकरणलाई प्रोत्साहन गर्दै कृषि उपज संकलन केन्द्र, कोशेली घर तथा स्थानीय हाटबजार व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

९. दोहोरो अनुदानलाई निरुत्साहित गर्दै एकद्वार प्रणालीमार्फत पारदर्शी तथा प्रभावकारी रूपमा अनुदान, प्रविधि र सेवा प्रवाह गरिनेछ।

१०. जलवायु परिवर्तन अनुकूल कृषि प्रविधि, सिँचाइ तथा कृषि पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछन् तथा कृषि बीमामा कृषकको पहुँच विस्तार गरिनेछ।

११. कृषि तथा पशुपालन क्षेत्रको समग्र विकासका लागि संघ, प्रदेश तथा विकास साझेदार निकायहरूसँग समन्वय र सहकार्य गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना र दार्माको समृद्धि हासिल गर्ने नीति अवलम्बन गरिनेछ।

१२. गाउँपालिका क्षेत्रभित्रका युवाहरूद्वारा सञ्चालन गरिएका व्यवसायिक पशुपालन प्रणालीलाई प्रोत्साहन गर्दै पशुपालनलाई रोजगारी तथा आयआर्जनको प्रमुख आधारको रूपमा विकास गरिनेछ ।

१३. दूध तथा दूधजन्य पदार्थ उत्पादनलाई वृद्धि उत्पादनमा आधारित अनुदान लाई बढाउँदै लगिने छ । साथै पशुपन्छीमा नश्ल सुधारका लागि गाई/भैँसी तथा बाख्रामा प्राकृतिक तथा कृत्रिम गर्भाधान (AI) मिसन कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

१४. पशुपन्छीहरूको स्वास्थ्य सुरक्षाका लागि रोगको निदान, उपचार तथा प्रयोगशाला सेवा सुदृढ गरिनेछ। पशु स्वास्थ्य शिविर सञ्चालन, महामारीजन्य रोगहरूको रोकथामका लागि खोप कार्यक्रम सञ्चालन तथा व्यवसायिक पशुपालन कृषकहरूका लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१५. उत्पादन लागत घटाई उत्पादन वृद्धि गर्न घाँसमा आधारित पशुपालन प्रणाली प्रवर्द्धन गर्दै हिउँदे तथा वर्षे घाँस विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. कृषि तथा पशुजन्य वस्तुको बजारीकरणलाई प्रभावकारी बनाउन उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै पशु तथा पशुजन्य उत्पादन निकासीलाई व्यवस्थित गर्दै करको दायरामा ल्याइनेछ र पशुजन्य उत्पादन सहकारी संस्थामार्फत संकलन तथा बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।

१७. दुग्ध र मासु उत्पादन व्यवसाय प्रवर्द्धनका लागि भैँसी तथा बाख्रा पालनलाई व्यवसायिक र प्रभावकारी बनाउन उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८. पशुपन्छी बीमा कार्यक्रमलाई विस्तार गर्दै जोखिम न्यूनीकरण र कृषकलाई क्षतिपूर्ति सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ ।

**उद्यम तथा रोजगारी**

१९. उद्यमीहरुले उत्पादन गरेका बस्तु तथा सामग्रीहरु भण्डारण तथा बिक्री गर्नका लागि उपयुक्त ठाउँमा कोसेली घर निर्माण गरिने छ।

२०. उद्यमी तथा व्यापार व्यवसायीको मागका आधारमा सीप विकास तालिम तथा उपयुक्त प्रविधि (मेसिन औजार) उपलब्ध गराइने छ।

२१. सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गरिने छ।

२२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ बमोजिम लघु उद्यम विकास मोडेलमा नयँ लघु उद्यमी सिर्जना कार्यक्रममा बजेट थप गरिने छ।

२३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८२ बमोजिम उद्यमीको स्तरोन्नति (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एड्भान्स सीप विकास तालिम) कार्यक्रममा दार्मा गाउँपालिकाद्धारा बजेट थप गरिने छ।

२४. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमलाई श्रम र उद्यमसँग जोडिने छ ।

२५. प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनामा ५०% साझेदारी गरी वडातह बाट योजना कार्यान्वयन हुने व्यवस्था मिलाइने छ।

२६. वैदेशिक रोजगारीको लागि विश्वका विभिन्न देशहरु तथा छिमेकी मुलुक भारतमा मौसमी कामदारका रुपमा जाने श्रमिकहरुको विवरण डिजिटल पोर्टलमा अभिलेखीकरण तथा अद्यावधिक गरी श्रमिक बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

२७. स्थानीयस्तरमा विद्यमान परम्परागत तथा अनुभवजन्य सीपहरुको मूल्यांकन एवम् परीक्षण गरी CTEVT मार्फत सीप प्रमाणीकरण तथा प्रमाणपत्र उपलव्ध गराइनेछ।

**पर्यटन तथा संस्कृतिक विकास**

२८. दार्माका महत्वपूर्ण पर्यटकीय स्थलहरु तथा संस्कृतिक सम्पदाहरुको संरक्षण र सवर्द्धन गरिने छ।

२९. दार्माको मौलिक कला संस्कृतिको संरक्षणको लागि सिंगारु, पैसरी र मयुर जस्ता पुराना र लोप हुन लागेका नाचहरु लाई संरक्षण र प्रोत्साहन गरिने छ।

३०. स्थानीय कलाकर्मी, साहित्यकार, संगीतकार, लगायतका श्रष्ठाहरुको सिर्जनालाई संरक्षण गर्दै श्रष्ठाहरुलाई सम्मान र अभिनन्दन गरिने छ ।

३१. कला र साहित्यको क्षेत्रमा खोज अनुसन्धान गरी लोप हुन लागेका कला , संगीत साहित्यको प्रकाशन र प्रसारणमा सहयोग गरिने छ ।

३२. स्थानीय कला, साहित्य, सास्कृतिक तथा पुरातात्विक सम्पदा तथा पर्यटकीय स्थलहरुको अडियो भिडियो बनाई प्रचार प्रसार गरिनेछ ।

**सामाजिक विकास**

**शिक्षा युवा तथा खेलकुद विकास**

३३. "जहाँ विद्यार्थी त्यहाँ शिक्षक" नारा सहित विद्यालयको नक्साङ्कन गरि न्यून विद्यार्थी भएका विद्यालयहरूलाई भौतिक र प्रशासनिक रूपमा समायोजन गरी शिक्षक विद्यार्थी अनुपात मिलाउदै लगिनेछ ।

३४. शिक्षकहरूको कार्यसम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धिसँग जोड्न विद्यालयको सम्पूर्ण शैक्षिक र प्रशासनिक सुधारको जिम्मा प्रधानाध्यापकलाई दिई गाउँपालिकासँग कार्यसम्पादन करार सम्झौता गरी प्रधानाध्यापकलाई थप सेवा सुविधा उपलब्ध गराउदै लिइनेछ ।

३५. सामुदायिक विद्यालयमा अध्ययरत विद्यार्थीहरुको सिर्जनात्मक क्षमता विकास गराउन तथा सर्वाङ्गीण विकासका लागि विद्यालयस्तर र पालिकास्तरमा विद्यार्थी प्रतिभा पहिचानका कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. दार्मा गाउँपालिकाको स्थानीय पाठ्यक्रमलाई समय सान्दर्भिक बनाइ पाठ्यपुस्तक निर्माण र छपाइको कार्य गरिने छ ।

३७. गुणस्तरीय, समावेशी र प्रविधिमैत्री शिक्षाको सुनिश्चितताको लागि सबै विद्यालयमा सूचना प्रविधिका न्यूनतम साधनको सुनिश्चितता गर्न अध्यक्षसँग शैक्षिक सुधार कार्यक्रम लागू गरिनेछ ।

३८. शिक्षकको पेसागत क्षमता विकासलाई निरन्तरता दिदै शैक्षिक सुशासन, पारदर्शिता र जवाफदेहितालाई सुदृढ गरिनेछ ।

३९. युवाहरुलाई स्वरोजगार र उद्यमशील बनाउन सिपुयक्त युवा समृद्ध दार्मा अभियान मार्फत मागमा आधारित सिममूलक तालिमा सञ्चालन गरिनेछ ।

४०. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको ज्ञान, सिप र पूँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ ।

४१. युवा क्लब तथा युवा सञ्जालहरुको संस्थागत क्षमता अभिवृद्धि गरि स्वयंसेवी युवा परिचालन कार्यक्रम मार्फत सामाजिक तथा विकास गतिविधिमा युवा परिचालन कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. युवाहरुको प्रतिभा, आविष्कार र सिर्जनशीलता प्रदर्शनका लागि युवा प्रतिभा मेला आयोजना गरिनेछ।

४३. वातावरण संरक्षण, सरसफाइ तथा विपद् व्यवस्थापनमा युवा स्वयंसेवक परिचालन गरिनेछ ।

४४. सामाजिक सञ्जालको सकारात्मक प्रयोग तथा डिजिटल नागरिक सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. विद्यालय तह देखि नै खेलकूद संस्कृतिको विकास गर्न अन्तरविद्यालय खेलकूद प्रतियोगिता नियमित सञ्चालन गरिनेछ ।

४६. विद्यालय खेलकूद प्रवर्द्धन कार्यक्रम मार्फत सामुदायिक तथा संस्थागत विद्यालयमा वार्षिक रुपमा खेलकूद प्रतियोगिता सञ्चालन गर्ने नीति लिइनेछ । विद्यालयमा संगित कक्षा तथा सबै माद्यामिक विद्यालयहरुमा अनमी को व्यवस्थापन गरिने छ ।

४७. स्थानीय खेल प्रतिभाको खोज तथा प्रोत्साहन गर्न बालवालिका तथा युवाहरुको पहिचान गरि प्रशिक्षण, छात्रवृत्ति तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

४८. प्रत्येक वडामा युवाहरुको सहभागितामा वडा स्तरीय खेल महोत्सव आयोजना गरि खेलकूद क्षेत्रमा निजि क्षेत्र, संघसंस्था तथा सरोकारवालाहरुसँगको सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिनेछ ।

४९. गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड लगायतका प्रतियोगितालाई थप प्रभावकारी र व्यवस्थित बनाउन विद्यालयहरुमा खेल सामग्रीहरुको न्यूनतम सुनिश्चिता गरिनेछ ।

५०. गाउँपालिका स्तरीय सहिद स्मृति कप खेलकूद प्रतियोगितालाई थप व्यवस्थित गरिनेछ ।साथै उत्कृष्ट खेलाडी, प्रशिक्षक तथा खेलकूदकर्मीलाई वार्षिक रुपमा सम्मान तथा पुरस्कृत गरिनुका साथै स्थानीय तथा परम्परागत खेलको संरक्षण र सवर्द्धन गरिनेछ ।

## स्वास्थ्य तथा सरसफाइ

५१. सर्वव्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकाबासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिने छ।

५२. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय ,जवाफदेही एवं परिणाममुखी बनाईने छ।

५३. समयानुकूल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक न्यूनतम मापदण्ड सहितको प्रवर्द्धनात्मक ,प्रतिकारात्मक ,उपचारात्मक ,निदानात्मक तथा पुर्नस्थापनात्मक सेवाको विकास र विस्तार गरिनेछ।

५४. न्यूनतम सेवा मापदण्ड (Minium Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार ,औषधी ,औषधीजन्य सामाग्री,औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ।

५५. सामुदायिक, निजि तथा गैरसरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चत गर्न आवश्यक नियमन गरिनेछ।

५६. स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता ,वित्तीय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न गाउँपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्रसँग साझेदारी गरिनेछ।

५७. स्थानीय आवश्यकता सम्बोधनको लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सूचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रवर्द्धन गरिनेछ।

५८. स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ।

५९. स्वास्थ्य र सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ।

६०. स्वास्थ्यवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन,पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरिनेछ।

६१. आयुर्वेद तथा वैकल्पक चिकित्सा पद्धतिहरुलाई विकास तथा विस्तार गरी समन्वयात्मक रुपमा सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ।

६२. वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकूल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुको साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्साहन , प्रवर्द्धन र व्यवस्थापन गरी गाउँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।

६३. महामारी ,विपद् वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण ,प्रतिकार्य एवम् पुनःस्थापनको लागि बहुपक्षीय सहकार्य गरिनेछ।

६४. सामाजिक ,आर्थिक, भौगोलिक,धार्मिक,र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरी स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ।

६५. सुरक्षित मातृत्व , बाल स्वास्थ्य , किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरिनेछ।

६६. स्वास्थ्य क्षेत्रका प्रगति एवम् उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हासिल गर्न आवश्यक समन्वय ,सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ।

६७. विभिन्न सरुवा रोग,किटजन्य रोग ,पशुपन्छीजन्य रोग, कोरोना रोग महामारी तथा समुदायमा विद्यमान रोगहरुको रोकथाम ,नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ।

६८. नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन ,सुर्तिजन्य वस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्येसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवर्द्धन गरिने छ।

६९. पालिकामा सञ्चालन आएको आधारभूत अस्पताललाई थप सुदृढ गरी सेवा प्रवाह गरिनेछ।

७०. गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई स्वास्थ्य बीमाको माध्यमबाट दार्मा बासीहरुको लागि स्वास्थ्य सेवा सहज उपलब्ध गराउन दार्मा गाउँपालिका अन्तर्गतको सबैलाई पायक पर्ने एक स्वास्थ्य संस्थालाई स्वास्थ्य विमा वोर्ड संग सूचिकृत गरी सेवा प्रवाह गरिने छ।

७१. दार्मा गाउँपालिकालाई पोषणमैत्री उन्मुख पालिका घोषण गर्न आवश्यक पर्ने ९०% सूचकहरु पूरा गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

**महिला बालबालिका अपाङ्ग तथा जेष्ठनागरिक**

७२. स्थानीय तहबाट बनाईने नीति कानून योजना तथा कार्यक्रमहरु लैससासको दृर्ष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरिनेछ।

७३. महिला र पुरुष लगायत लैगींक तथा यौनिक अल्पसंख्यकको (LGBIQA+)समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्न नीतिहरु अलग्गै बनाईनेछ ।

७४. संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १०९८ मा उल्लेख भए अनुरुपका प्रतिबद्धता कार्यान्वयन सम्बन्धमा निरन्तरता क्रियाकलाप सञ्चालन गरिनेछ ।

७५. मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा निरन्तरता दिईनेछ साथै मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

७६. स्थानीय बाल अधिकार समिति वडा वाल अधिकार समितिलाई क्रियाशील बनाइने छ ।

७७. स्थानीय कला भाषा संस्कृति पुरातात्विक सम्पदालाई जोगाउन पुस्ता सिप हस्तान्तरण कार्यक्रमलाई प्राथामिकता दिइनेछ । साथै अद्यावधिक गरी अधिलेख पनि राखिनेछ ।

७८. वस्ती स्तरका योजान छनौट गर्दा वाल क्लब,सञ्जाललाई सक्रिय सहभागिता बनाइनेछ ।

७९. दार्मा गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा बालसंरक्षण मापदण्ड लागू गरी कार्यान्वयन गराइने छ ।

८०. लैंगीक समानता अपाङ्गता तथा सामाजिक परीक्षण र लैंगिक उत्तरदायी बजेट परीक्षण गरिनेछ ।

८१. दार्मा गाउँपालिका भित्र विभिन्न कारणले मानसिक तनावमा रहेका महिला वालवालिका ज्येष्ठ नागरिक अपाङ्गता तथा यौनिक अल्पसंख्यक समुदायका विपन्न वर्गहरुलाई मनोपरामर्श सेवा सञ्चालन कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गरिनेछ ।

८२. दिगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य नं ५ लैङ्गीक समानता सम्वन्धी बुँदाको कार्यान्वयन हुने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ ।

८३. स्थानीय बालमैत्री शासन घोषणा सूचकका आधारमा क्रमशः कार्यान्वयन गरिनेछ, लैङ्गीक विकास डेस्क तोकी TOR दिइनेछ ।

८४. कार्यालयमा हुने दुर्व्यवहार र भेदभाव सम्वन्धी आचारसंहिता वनाई लागू गरिने छ ।

८५. दार्मा गाउँपालिका भित्र रहेका महिला समूह, समिति तथा सञ्जाल र सहकारीहरुमा आबद्ध महिलाहरुलाई सामूहिक व्यवसाय सञ्चालन लागि अनुदान दिईने छ । निश्क्रिय समूह समितिहरु पुनर्गठन गरी सक्रिय बनाईने छ ।

८६. टोल विकास संस्थाका पदाधिकारीहरुलाई क्षमता विकास तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

८७. हिंसा पीडित विपन्न वर्गका महिलाका लागि आर्थिक सहयोग तथा पीडितलाई न्यायको पहुँचमा पुऱ्याउन पहल गर्ने र सबै बस्ती तथा वडामा लैङ्गीक हिंसा, घरेलु हिंसा, बालविवाह, विभिन्न कुरीति विभिन्न कुरीति कुसंस्कार जस्ता विकृतिहरुलाई नियन्त्रण गर्न जनचेतनामूलक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

८८. परिवारको हेरचाह नपाएको, अशक्त तथा काम गरी खान नसक्ने, विपन्न वर्गका एकल पुरुषलाई जीविकोपार्जनको लागि सहायता सामाग्री उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ।

८९. दार्मा गाउँपालिका भित्र कुपोषण हटाई पोषण स्थितिमा सुधार ल्याउन सुनौलो हजार दिन भित्रका आमाहरुको तथ्याङ्क संकलन गरी पोषण झोला वितरण गरिने छ।

९०. बालबिवाहका बहुआयामिक कारण र यसले पर्न जाने असरको बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी बालबिवाह मुक्त गाउँपालिका घोषणाको लागि आधार तयार गरिने छ।

९१. अभिभावक विहीन, अतिविपन्न, टुहुरा तथा अनाथ बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याइने छ। विभन्न प्रकारले हुने बालश्रम शोषणको अन्त्य गर्दै बालश्रम मुक्त गाउँपालिकाको लागि आधार तयार गरिने छ। जोखिममा परेका बालबालिकालाई उद्दार तथा पुनर्स्थापना गरिने छ।

९२. वडा तथा विद्यालयमा गठन भएका बाल क्लब किशोरी समूह बाल सञ्जाल स्थानीय तथा वडा बाल अधिकार समितिलाई क्षमता विकास तालिम तथा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गरिनेछ। बालअधिकारको संरक्षण र प्रवर्द्धनमा बाल क्लबहरुलाई परिचालन गरिनेछ साथै अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

९३. लक्षित क्षेत्रको वजेट सोही क्षेत्रको लागि खर्च गर्न र दुरुपयोग हुनबाट रोक्न लक्षित क्षेत्रको बजेट कार्यान्वायन कार्यविधि तयार गरि लागू गरिने छ। साथै गरीब तथा अनाथ बालबालिकाको लागि निशुल्क शिक्षादिक्षा तथा शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

९४. ज्येष्ठ नागरिकको लागि सम्मान कार्यक्रम ,अन्तरपुस्ता सिप हस्तान्तरण तथा वडा स्तरीय ज्येष्ठ नागरिक घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरी स्वास्थ्य उपचार प्रदान गरिने, विपन्न नागरिक परिचयपत्र, गरीब परिचयपत्र वितरण तथा किसान परिचयपत्र वितरण सम्बन्धी राष्ट्रिय नीतिलाई प्रभावकारी कार्यान्वयन गर्दै गरीब तथा विपन्न नागरिकको अभिलेखीकरण गरिने छ।

९५. अपाङ्गता भएका व्यक्तिहरुको पहिचान, नक्साङ्कन र वर्गीकरण गरी व्यवस्थित अभिलेखिकरण गरिने छ। जनयुद्दका घाईते तथा अपाङ्गकाको लागि आयमूलक कार्यक्रम सञ्चालन गरिने छ।

व्यवसाय गर्न चाहनेको अपाङ्गलाई आवश्यक अनुदान उपलब्ध गराइने छ। सहिद परिवार तथा घाइते अपाङ्गहरुलाई सम्मान तथा सिपमूलक तथा व्यवसायमामूलक कार्यक्रममा जोड दिइनेछ।

९६. दलित समुदायमा विपन्न दलित एकल दलित महिला , एकल पुरुषहरुलाई तथा अन्य विपन्न वर्गलाई आर्थिक सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिने साथै गाउँपालिकामा रहेका जनजातीहरुको लागि सिप विकास तथा क्षमता विकास कार्यक्रममा जोडिनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण**

९७. नेपाल सरकारको पूर्ण घटनादर्ता लक्ष्य अनुरुप सवै किसिमका घटना ३५ दिनभित्र दर्ता गर्न गाउँपालिका क्षेत्रभित्र सचेतनामूलक कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता सप्ताह सञ्चालन र पूर्ण घटनादर्ता सुनिश्चितता तथा सामाजिक सुरक्षा भत्ताका लागि वडा भित्रका टोलटोलमा वायोमेट्रिक डिभाइस तथा IRIS Camera लिई नाम दर्ता र नवीकरणका लागि शिविर सञ्चालन गरिनेछ।

९८. व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय पञ्जीकाधिकारी जनप्रनिनिधि तथा सम्बद्ध कर्मचारीहरुलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ।

९९. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्न सेवा प्रदायक बैँकसँगको समन्वय र सहकार्यमा पूर्ण अपाङ्गता अति अशक्त अपाङ्गता भएका र ८० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई बैँक सम्म जानुपर्ने बाध्यता अन्त्य गर्दै वडा कार्यालयबाट नै भत्ता प्राप्त गर्न व्यवस्था मिलाइने छ।

१००. नेपाल सरकारले प्रदान गर्दै आयको बालपोषण भत्ताको उपयोग पोषण क्षेत्रमा प्रयोग नभएको जनगुनासोलाई सम्बोधन गर्न बालपोषण भत्ता को उपयोग सम्बन्धमा अभिभावकहरुलाई सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**पूर्वाधार विकास**

१०१. अधुरा आयोजनाहरुको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ।

१०२. विकास निर्माण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि वार्षिक खरिद योजना निर्माण कार्यमा सुधार गरी कार्यान्वयन गरिनेछ।

१०३. उपभोक्ता समितिका पदाधिकारीलाई निर्माण कार्यप्रति सबल,सक्षम,सहभागितामुखी र जनउत्तरदायी बनाउनको लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

१०४. आयोजनाहरुको उपभोक्ता समिति गठन तथा निर्माण सम्पन्न पश्चात हुने सार्वजनिक सुनुवाई र कार्यक्रमलाई पारदर्शी,जवाफदेही र जनमुखी बनाउन सम्वन्धित वडाका जनप्रतिनिधि र योजना तथा अनुगमन शाखाको कर्मचारीको उपस्थितिलाई अनिवार्य गरिनेछ।

१०५. साना आयोजनाहरुमा बजेट विनियोजन गर्ने कार्यलाई रोक्न भौगोलिक रुपमा निकट रहेका र समान शीर्षक भएका आयोजनालाई एकीकृत गरी एउटै उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिनेछ।

१०६. ठेक्का मार्फत कार्यान्वयन हुने आयोजनाहरुलाई समयमै सम्पन्न गर्नको लागि वार्षिक खरिद योजना अनुसारको समयलाई अनुशासित भएर पालन गरिनेछ।

१०७. बजेटमा विनियोजनमा कुशलता कायम गर्न बस्तीस्तरबाट आयोजना छनोट कार्यलाई प्रभावकारी, सहभागितामूलक र पारदर्शी बनाउन आयोजना बैंकको अवधारणालाई पूर्णता दिई सोही आयोजना बैंक बमोजिम बजेट निर्माण कार्यलाई प्रभाकारी बनाइनेछ।

१०८. आयोजनाहरुको अनुगमन कार्यलाई प्रभावकारी, नतिजामुखी र जनविश्वासयुक्त बनाउन अनुगमन कार्यतालिका निर्माण गरी नियमितताका साथ कार्यान्वयन गरिनेछ।

१०९. सेवा प्रवाहलाई नागरिकमैत्री ,सर्वसुलभ,पँहुचयोग्य बनाउन प्रत्येक वडा कार्यालयमा घुम्ति शिविर मार्फत् आयोजना सम्झौता गरिनेछ।

११०. दार्मा गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता क्रियाकलापहरुलाई प्रभावकारी बनाउन पालिका भित्र रहेको वास इकाईलाई निरन्तरता दिई वास इकाईको प्रभावकारी कार्यसम्पादनको लागि विभिन्न क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१११. पालिका भित्र रहेका खानेपानी तथा सरसफाई योजनाहरुको प्रभावकारी मर्मत संभार तथा सञ्चालन लागि सेवा सहायता केन्द्रलाई निरन्तरता दिनुका साथै पालिकामा खानेपानी मर्मत संभारकोषको व्यवस्था गरिनेछ।

११२. पालिकाले लिएको लक्ष्य वि.स. २०८४ सम्म पुर्ण सरसफाइयुक्त पालिका बनाउन **"सफा र स्वच्छ घर हाम्रो शान, पुर्ण सरसफाई उन्मुख टोल हाम्रो पहिचान"** मूल नारालाई आत्मसात गर्दै दार्मा गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख पालिका घोषणा गरिनेछ ।

११३. घर, बजार तथा सार्वजनिक संस्थाबाट निस्कने जैविक तथा अजैविक फोहोर, सिसाजन्य, प्लाष्टिकजन्य लगायतका फोहोरको उचित व्यवस्थापन, वर्गीकरण, पुनःप्रयोग तथा पुनर्चक्रण गर्ने

उद्देश्यले व्यावसायिक योजना सहितको फोहोर प्रशोधन केन्द्र स्थापना तथा सञ्चालन गरी दिगो फोहोर व्यवस्थापन प्रणाली विकास गरिनेछ।

११४. दिसाजन्य लेदो फोहोर (Faecal Sludge) को सुरक्षित तथा दिगो व्यवस्थापनका लागि दक्ष मिस्त्रीहरूलाई दुई-खाल्डे शौचालय निर्माण सम्बन्धी तालिम प्रदान गरिनेछ । तालिम प्राप्त मिस्त्रीहरूको परिचालनमार्फत समुदाय स्तरमा दुई-खाल्डे शौचालय निर्माण तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।

११५. खानेपानी तथा सरसफाई योजनाका साथै विद्यालयका शौचालय निर्माणका लागी सबैका लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता परियोजनासँगको साझेदारीमा उपभोक्ता समिति मार्फत निर्माण गर्ने व्यवस्था मिलाइनेछ।

११६. दार्मा गाउँपालिकाभित्र निर्माण सम्पन्न भएका सबै खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाहरूमा विस्तारित खानेपानी सुरक्षा योजना (WSP+++) लागू गर्ने व्यवस्था मिलाइनेछ, जसबाट सुरक्षित, गुणस्तरीय तथा दिगो खानेपानी सेवाको सुनिश्चितता गरिनेछ।

११७. पालिकाभित्र रहेका सबै खानेपानी तथा सरसफाई योजनाहरु सँस्थागत विकासको लागि विभिन्न क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गर्नुका साथै सबै खानेपानीका योजनाहरुलाई मुहान दर्ताको व्यवस्था मिलाइनेछ।

११८. सबैका लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजना र दार्मा गाउँपालिको साझेदारीमा WASH Plan लाई अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।

११९. दार्मा गाउँपालिकामा सबैका लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता आयोजनाको सहयोगमा निर्माण सम्पन्न सबै योजना र मर्मत सम्भार सम्पन्न योजनाहरुको NWASH अप्लिकशनमा मा अद्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।

१२०. विभिन्न पानीजन्य रोग तथा सम्भावित महामारीबाट नागरिकलाई सुरक्षित राख्न स्रोत तथा घरायसी स्तरमा नियमित रूपमा खानेपानीको गुणस्तर परीक्षण गरी सुरक्षित खानेपानीको प्रत्याभूति दिलाउन पालिका स्तरमा मिनी पानी परीक्षण प्रयोगशाला (Mini Lab) स्थापना तथा सञ्चालन गरिनेछ। साथै, प्रत्येक आर्थिक वर्षमा कम्तीमा २ देखि ३ पटकसम्म पालिकास्तरीय खानेपानी गुणस्तर परीक्षण शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१२१. प्रत्येक विद्यालयहरुमा विद्यालयस्तरीय खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन समिति गठन गरि स्रोतव्यक्ति तोकिनेछ र प्रत्येक विद्यालयमा तीनतारे पद्धतिमा स्वमूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ ।

१२२. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मुल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन कार्यविधि अनुसार पालिका तथा वडा स्तरमा मर्यादित महिनावारी व्यवस्थापन समितिहरुको क्षमता विकास गरि परिचालन गरिनेछ।

१२३. सबै विद्यालयहरुमा किशोरी समूहहरु गठन गरी मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरु सञ्चालन गरिनेछ। `

**सूचना सञ्चार तथा प्रविधि**

१२४. दार्मा गाउँपालिकाको समग्र प्रशासनिक तथा सेवा प्रवाह प्रणालीलाई डिजिटल, पारदर्शी, सुरक्षित र प्रभावकारी बनाउन सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरिनेछ।

१२५. गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूलाई नागरिकमैत्री, छिटो, सरल तथा सहज बनाउन ई-गभर्नेन्स प्रणालीको विस्तार तथा सुदृढीकरण गरिनेछ।

१२६. गाउँपालिका, वडा कार्यालय तथा विषयगत शाखाहरूमा प्रयोग भइरहेका सूचना प्रणालीहरू (EMIS, PIMS, SuTRA, e-Attendance, DPMAS लगायत) को प्रभावकारी कार्यान्वयन तथा नियमित अद्यावधिक गरिनेछ।

१२७. कार्यालयका अभिलेख, पत्राचार तथा प्रशासनिक कागजातहरूको डिजिटल अभिलेखीकरण (Digital Archiving) प्रणाली विकास गरी कागजरहीत कार्यालयको अवधारणालाई क्रमशः कार्यान्वयन गरिनेछ।

१२८. सूचना प्रविधि पूर्वाधारको विकास तथा विस्तारका लागि उच्च गतिको इन्टरनेट सेवा, नेटवर्क व्यवस्थापन, सर्वर तथा कम्प्युटर उपकरणहरूको स्तरोन्नति गरिनेछ।

१२९. गाउँपालिकाको आधिकारिक वेबसाइटलाई नियमित अद्यावधिक गरी सूचना, समाचार, योजना, बजेट, कार्यक्रम तथा सार्वजनिक सेवासम्बन्धी विवरण नागरिकसमक्ष सहज रूपमा उपलब्ध गराइनेछ।

१३०. सार्वजनिक सूचना तथा सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्न मोबाइल एप, एसएमएस सेवा तथा डिजिटल सूचना प्रणालीको विकास तथा उपयोगलाई प्रोत्साहन गरिनेछ।

१३१. साइबर सुरक्षा तथा सूचना सुरक्षालाई सुदृढ बनाउन डेटा सुरक्षा, ब्याकअप व्यवस्थापन, पहुँच नियन्त्रण तथा साइबर सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१३२. गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरूको सूचना प्रविधि सम्बन्धी क्षमता विकास गर्न नियमित तालिम, अभिमुखीकरण तथा दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१३३. डिजिटल साक्षरता प्रवर्द्धन गरी जनप्रतिनिधि, कर्मचारी तथा नागरिकहरूलाई सूचना प्रविधिको सुरक्षित तथा प्रभावकारी प्रयोगका लागि प्रोत्साहित गरिनेछ।

१३४. गाउँपालिकामा प्रयोग हुने सफ्टवेयर तथा सूचना प्रणालीहरूको नियमित मर्मत, सुधार तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

१३५. सूचना प्रविधि शाखामार्फत गाउँपालिकाको सम्पूर्ण विद्युतीय उपकरण, नेटवर्क तथा सूचना प्रणालीहरूको प्रभावकारी व्यवस्थापन र अनुगमन गरिनेछ।

१३६. खुला सरकार (Open Government) को अवधारणालाई प्रवर्द्धन गर्दै सार्वजनिक सूचनाको डिजिटल प्रकाशन तथा सूचनामा नागरिकको पहुँच सुनिश्चित गरिनेछ।

१३७. विपद् तथा आकस्मिक अवस्थाहरूमा सूचना प्रवाह तथा तथ्यांक व्यवस्थापनलाई प्रभावकारी बनाउन डिजिटल सूचना प्रणाली तथा आपतकालीन सञ्चार संयन्त्र विकास गरिनेछ।

१३८. स्थानीय तहको डिजिटल रूपान्तरण अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै "डिजिटल दार्मा गाउँपालिका" निर्माणको अवधारणालाई अगाडि बढाइनेछ।

१३९. सूचना प्रविधिमा आधारित नवप्रवर्तन, अनुसन्धान तथा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाइनेछ।

१४०. गाउँपालिकाभित्रका विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सार्वजनिक निकायहरूमा सूचना प्रविधिको उपयोग विस्तार गरी डिजिटल सेवा प्रवाहलाई सुदृढ गरिनेछ।

१४१. सूचना प्रविधि शाखामार्फत सबै शाखा तथा वडा कार्यालयहरूको डिजिटल प्रणालीबीच समन्वय कायम गरी एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास तथा कार्यान्वयन गरिनेछ।

**वन वातावरण पर्यटन तथा  विपद् व्यवस्थापन**

१४२. दार्मा गाउँपालिकाको भौगोलिक अवस्था, प्राकृतिक स्रोत तथा सम्भावित विपद् जोखिमलाई मध्यनजर गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विकास निर्माणका सबै कार्यक्रमहरूको अभिन्न अङ्गको रूपमा अवलम्बन गरिनेछ।

१४३. गाउँ पालिकाको विविधितापूर्ण र जोखिमयुक्त भूगोललाई मध्यनजर गर्दे विगत वर्षहरु बाटै सञ्चालन हुदै आएको स्थानीय विपद् व्यवस्थापन कोष लाई थप प्रभावकारि बनाई सञ्चालन गरिने छ।

१४४. मनसुनजन्य विपद्, पहिरो, बाढी, डुबान, आगलागी, चट्याङ, हावाहुरी, भूकम्प, महामारी तथा अन्य प्राकृतिक तथा गैरप्राकृतिक विपद्को पूर्वतयारी तथा प्रतिकार्य क्षमतामा वृद्धि गरिनेछ।

१४५. प्रत्येक वडामा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाई समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

१४६. गाउँपालिकाको विपद् व्यवस्थापन शाखामा आवश्यक उद्धार तथा राहत सामग्रीको व्यवस्थापन तथा भण्डारण गरिनेछ।

१४७. विद्यालय तथा समुदाय स्तरमा विपद् सचेतना, कृत्रिम अभ्यास (Mock Drill), प्राथमिक उपचार तथा खोज उद्धार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१४८. चट्याङ तथा आगलागीबाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न विशेष सचेतना तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१४९. उच्च जोखिमयुक्त बस्ती तथा पूर्वाधारहरूको पहिचान, नक्साङ्कन तथा जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१५०. मनसुन पूर्व तयारी तथा मनसुन प्रतिकार्य योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

१५१. विपद् व्यवस्थापनका क्षेत्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, रेडक्रस, गैरसरकारी संस्था तथा सरोकारवालासँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

१५२. अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस, राष्ट्रिय भूकम्प सुरक्षा दिवस तथा अन्य सम्बन्धित दिवसहरूलाई जनचेतनामूलक कार्यक्रमका साथ मनाइनेछ।

१५३. विपद् प्रभावित नागरिकलाई तत्काल राहत, अस्थायी आवास तथा पुनर्स्थापनामा आवश्यक सहयोग उपलब्ध गराइनेछ।

१५४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन कार्यलाई प्राथमिकता दिइनेछ।

१५५. "विपद् पूर्वतयारीमा लगानी, सुरक्षित भविष्यको सुनिश्चितता" भन्ने अवधारणालाई कार्यान्वयन गर्दै दार्मा गाउँपालिकालाई विपद् उत्थानशील तथा सुरक्षित स्थानीय तहको रूपमा विकास गरिनेछ।

१५६. गाउँपालिकाभित्रको वन, वनस्पति, जैविक विविधता तथा प्राकृतिक स्रोतहरूको संरक्षण, संवर्द्धन र दिगो व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ।

१५७. वन क्षेत्रको संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि वृक्षारोपण अभियान सञ्चालन गरी सार्वजनिक, सामुदायिक तथा खाली जग्गामा स्थानीय प्रजातिका बिरुवा रोपण गरिनेछ।

१५८. वन डढेलो, अवैध वन फँडानी तथा वन अतिक्रमण नियन्त्रणका लागि सामुदायिक वन उपभोक्ता समूह, सरोकारवाला निकाय तथा स्थानीय समुदायसँग समन्वय गरी प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।

१५९. वन क्षेत्रसँग सम्बन्धित जनचेतना अभिवृद्धिका लागि विद्यालय, युवा क्लब, आमा समूह तथा सामुदायिक वन उपभोक्ता समूहहरूसँग सहकार्य गरिनेछ।

१६०. जलाधार क्षेत्र, पानीका मुहान तथा नदी–नालाको संरक्षण गरी प्राकृतिक स्रोतहरूको दिगो उपयोगमा जोड दिइनेछ।

१६१. सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१६२. प्लास्टिकजन्य फोहोर न्यूनीकरण तथा वातावरण संरक्षणका लागि सरसफाइ तथा हरित अभियान सञ्चालन गरिनेछ।

१६३. वन तथा वातावरण सम्बन्धी कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा अभिलेखीकरणलाई प्रभावकारी बनाइनेछ।

## क्षमता विकास र संस्थागत सुशासन

१६४. **"सुशासन, पारदर्शिता, जवाफदेहिता र सहभागितामूलक शासन"** लाई स्थानीय शासनको मूल आधारका रूपमा स्थापित गर्दै नागरिकमैत्री, उत्तरदायी र परिणाममुखी प्रशासनको विकास गरिनेछ।

१६५. गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूलाई छिटो, सरल, गुणस्तरीय तथा प्रविधिमैत्री बनाउन सेवा प्रवाह सुधार अभियान सञ्चालन गरी नागरिकको सन्तुष्टि अभिवृद्धि गरिनेछ।

१६६. कार्यालयका प्रशासनिक तथा वित्तीय गतिविधिहरूलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन डिजिटल अभिलेख व्यवस्थापन, ई-हाजिरी, विद्युतीय पत्राचार तथा ई-गभर्नेन्स प्रणालीको विस्तार गरिनेछ।

१६७. सार्वजनिक स्रोत, साधन तथा बजेटको सदुपयोग सुनिश्चित गर्दै वित्तीय अनुशासन, मितव्ययिता र नतिजामुखी खर्च प्रणालीलाई प्राथमिकता दिँदै शुन्य बेरुजु पालिका बनाइने छ।

१६८. जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, निजी क्षेत्र तथा सरोकारवालाहरूको सहभागितामा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा समीक्षा कार्यक्रम नियमित सञ्चालन गरिनेछ।

१६९. नागरिकका गुनासा, सुझाव तथा उजुरीहरूको छिटो सम्बोधन गर्न प्रभावकारी **गुनासो व्यवस्थापन तथा नागरिक सहायता प्रणाली** स्थापना तथा सुदृढीकरण गरिनेछ।

१७०. सूचना प्रवाहलाई सहज, सरल र पारदर्शी बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरी नागरिकको सूचनामा पहुँच सुनिश्चित गरिनेछ।

१७१. कर्मचारीहरूको क्षमता विकास, नेतृत्व विकास, कार्यसम्पादन सुधार तथा व्यावसायिक दक्षता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

१७२. कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली अवलम्बन गरी उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा शाखाहरूलाई प्रोत्साहन र सम्मान गरिनेछ।

१७३. भ्रष्टाचार नियन्त्रण, सदाचार प्रवर्द्धन तथा नैतिक प्रशासनको विकासका लागि शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

१७४. वडा कार्यालय तथा विषयगत शाखाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्दै सेवा प्रवाहमा एकरूपता, गुणस्तर र प्रभावकारिता कायम गरिनेछ।

१७५. स्थानीय सरकार र नागरिकबीचको सम्बन्धलाई थप सुदृढ बनाउन खुला सरकार (Open Government) अवधारणालाई प्रवर्द्धन गरिनेछ।

१७६. नीति, योजना, बजेट तथा कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

१७७. सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा सुधारमा नवीनतम अभ्यास, सूचना प्रविधि र नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ।

१७८. **"सक्षम प्रशासन, पारदर्शी शासन र सन्तुष्ट नागरिक"** भन्ने मूल नारालाई आत्मसात गर्दै दार्मा गाउँपालिकालाई सुशासनयुक्त, उत्तरदायी, जनमुखी तथा उत्कृष्ट स्थानीय सरकारका रूपमा विकास गरिनेछ।

१७९. स्थानीय राजस्व परिचालन, स्रोत व्यवस्थापन तथा वित्तीय अनुशासन कायम गर्न जनप्रतिनिधिहरूलाई सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी अभिमुखीकरण प्रदान गरिनेछ।

## गाउँसभाका सदस्य तथा अतिथिगण

१८०. दार्मा गाउँपालिकालाई समृद्ध बनाउने अठोटका साथ आ• व २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वायनबाट दार्माबासीको जीवनस्तरमा सुधार आइ **उत्पादन वृद्धि:दार्माको समद्धि** भन्ने आकांक्षा पुरा गर्न योगदान पुग्नेछ ।

१८१. नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दछु।

१८२. अन्त्यमा, दार्मा गाउँपालिकाको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजि, सहकारी र सामुदायिक क्षेत्र, विकास साझेदार, श्रमिक वर्ग, नागरिक समाज, आमसंचारजतग लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद।।